# युनाइटेड विकास बैंक लिमिटेड, जीतपुर, बारालाई समस्याग्रस्त घोषणा गर्ने
# र
# कार्यकारी अध्यक्ष रविन्द्रबहादुर सिंह तथा सञ्चालक राधाकृष्ण अमात्यलाई कारवाही गर्ने सम्बन्धमा (२०६७।११।१)

१. युनाइटेड विकास बैंक लि., बारालाई यथास्थितिमा सञ्चालन हुन दिंदा सर्वसाधारण निक्षेपकर्ताको निक्षेप एवम् लगानीकर्ताको पुँजी थप जोखिमयुक्त हुने भएकोले उक्त विकास वैंकलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख तथा नेपाल राष्ट्र बैंक, वैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्वन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को उपखण्ड (आ) वमोजिम समस्याग्रस्त घोषणा गरिएको र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग अनुसार ६ महिना भित्रमा पालना गर्नुपर्ने गरी देहाएवमोजिम निर्देशन दिइएको ।

१. निक्षेप सङ्कलन नगर्ने तथा थप निक्षेप खाता नखोल्ने ।
२. थप कर्जा तथा जमानत प्रदान नगर्ने ।
३. नयाँ शाखा नखोल्ने ।
४. स्थिर सम्पत्ति खरिद नगर्ने ।
५. सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि नगर्ने ।
६. नेपाल राष्ट्र वैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्ने ।
७. कल्स इन एड्भान्स वापत जम्मा गरेको रकम झिकिएकोमा सो रकम सम्वन्धित पदाधिकारीबाट व्याजसहित असुरउपर गर्ने ।
८. पूर्व सञ्चालक सम्बद्ध कर्जाहरु यस बैंकको निर्देशन विपरीत अपलेखन गरेको देखाइएकोमा सो कर्जाहरु असुलउपर गर्ने ।
९. निष्क्रिय कर्जाको अनुपात वढीमा ५.०० प्रतिशतमा ल्याउने ।
१०. नियम तथा निर्देशन विपरीत वृद्धि गरी भुक्तानी गरिएको कार्यकारी अध्यक्षको वृद्धि गरिएको पारिश्रमिक तथा सुविधा व्याज सहित असुलउपर गर्ने ।
११. संस्थालाई सुचारुरुपले सञ्चालन गर्न आवश्यक पर्ने न्यूनतम पूँजीकोष कायम हुने गरी पूँजी योजना तयार गर्ने र सो योजना अनुसार संस्थालाई पुनरपुँजीकृत (Recapitalize) गर्ने ।

२. उक्त विकास वैंकका कार्यकारी अध्यक्ष रविन्द्रबहादुर सिंह र सञ्चालक राधाकृष्ण अमात्यलाई वैंकिङ्ग असुर तथा सजायँ ऐन, २०६४ वमोजिम अपराधको अनुसन्धान तथा आवश्यक कानूनी कारवाहीका लागि नेपाल सरकारको सम्बन्धित निकायमा लेखि पठाएको ।

२०६७।११।१